**The Journal of Deukhuri Multiple Campus**
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1741 (Print)
Published by the Research Management Cell
Deukhuri Multiple Campus Lamahi, Deukhuri, Dang
(A Public Campus affiliated to Tribhuvan University)

# चाणक्य र मार्क्सको राजनीतिक सिद्धान्तको तुलनात्मक अध्ययन

**जनक वि.क.**
शान्तिनगर-३ भलानेटी, दाङ

**Corresponding Author:** *Janak B.K.*; email: bkjanak079@gmail.com

**शोधसार**

*प्रस्तुत शोध लेखलमा चाणक्यको अर्थशास्त्र र कार्ल मार्क्सको मार्क्सवादमा आधारित राजनीतिक सिद्धान्तहरूको छोटो रूपमा तुलनात्मक अध्ययन गरिएको छ। चाणक्यले तत्कालिन भारतीय सभ्यताका लागि प्रस्ताव गरेको राजनीतिक, आर्थिक र प्रशासनिक सिद्धान्त र मार्क्सले औद्योगिक क्रान्तिपछिको पश्चिमी समाजका लागि प्रस्ताव गरेका वर्ग संघर्ष र आर्थिक व्यवस्थाका सिद्धान्त बिचको सैद्धान्तिक र व्यवहारिक अन्तर खोज्ने प्रयत्न यस अध्ययनमा गरिएको छ । यस शोधलेखमा तुलनात्मक अध्ययनमार्फत दुवै बीचारधाराको राजनीतिक, सामाजिक र आर्थिक दृष्टिकोणहरूमा रहेको समानता र भिन्नतालाई स्पष्ट पार्ने प्रयास गरिएको छ । यसका साथै, यी सिद्धान्तहरूको वर्तमान समयका राजनीतिक प्रणाली, सामाजिक न्याय र आर्थिक व्यवस्थापनमा रहेको महत्वलाई पनि प्रकाश पारिएको छ । यो अध्ययन गुणात्मक विधिमा आधारित छ, जहाँ ऐतिहासिक, तुलनात्मक र सैद्धान्तिक विश्लेषणको प्रयोग गरी चाणक्य र मार्क्सका सिद्धान्तको व्याख्या गरिएको छ । चाणक्यको सिद्धान्त व्यवहारिक, कूटनीतिक र शासन प्रणालीमा आधारित रहेको र मार्क्सको सिद्धान्त वर्ग संघर्ष र उत्पादन प्रणालीमा आधारित रहेको अध्ययनबाट देख्न सकिन्छ । यो शोधलेखमा यी दुवै सिद्धान्तहरूले राजनीतिक दर्शनलाई नयाँ दृष्टिकोण प्रदान गरेका छन् र वर्तमान राजनीतिमा तिनीहरूको सान्दर्भिकता अझै महत्वपूर्ण छ, भन्ने कुराको निष्कर्ष दिन खोजिएको छ ।*

***शब्दकुन्जी:*** कौटिल्य, मार्क्सवाद, सिद्धान्त, तुलनात्मक, राजनीति ।

## परिचय

राजनीतिक दृष्टिकोण विश्व सभ्यता र समाजको विकाससँगै प्रकट भएको महत्वपूर्ण विषय हो । यसले समाज, राज्य, सत्ता र अर्थतन्त्रजस्ता विषयहरूको गहिरो विश्लेषण गर्दै शासन र प्रशासनको मार्गदर्शन गर्ने गरेको पाइन्छ । यस परिप्रेक्ष्यमा, चाणक्य र मार्क्स राजनीतिक दर्शनका दुई प्रभावशाली व्यक्तित्व हुन्, जसले आफ्ना समयमा समाज र राजनीतिमा दूरगामी प्रभाव पारेका थिए । चाणक्य, प्राचीन भारतका कुशल राजनीतिज्ञ र अर्थशास्त्री, आफ्ना रचनाहरू अर्थशास्त्र र चाणक्य नीति मार्फत शासन व्यवस्था, कूटनीति र अर्थ व्यवस्थाको ठोस आधार प्रस्तुत गरेको पाइन्छ । उनका विचारहरू व्यवहारिक, समयसापेक्ष र राजनीतिक स्थिरता सुनिश्चित गर्न केन्द्रित देखिन्छ ।

विभिन्न कालखण्ड र भौगोलिक क्षेत्रबाट आएका यी दुई दार्शनिकहरूले आफ्ना विचारका माध्यमबाट मानव समाज र राजनीतिक व्यवस्थाका लागि महत्वपूर्ण योगदान दिएका छन् । यो अध्ययन दुवै विचारधाराको तुलनात्मक अध्ययन गरेर वर्तमान समाजमा उनीहरूको सान्दर्भिकता र व्यावहारिकताका नयाँ आयामहरू पत्ता लगाउने उद्देश्य लिइएको छ ।

### समस्या कथन

राजनीतिक दर्शनले समाज, राज्य र शासन प्रणालीको रूपरेखा निर्धारण गर्दै आएको छ । विभिन्न सभ्यता र कालखण्डमा विकसित भएका राजनीतिक सिद्धान्तहरूले भिन्न-भिन्न प्रकारका सामाजिक र राजनीतिक

समस्याहरूलाई समाधान दिन प्रयास गरेको देखिन्छ । चाणक्य र मार्क्सद्वारा प्रतिपादित सिद्धान्तहरू पनि यस्तै दार्शनिक प्रयासका उत्कृष्ट उदाहरणहरू हुन् ।

चाणक्यको अर्थशास्त्रमा आधारित आफ्नो राजनीतिक सिद्धान्त प्राचीन भारतको प्रशासनिक प्रणाली, कूटनीति र आर्थिक व्यवस्थापनका लागि मार्गदर्शन बन्न पुगेको पाईन्छ । उनका सिद्धान्तहरूले व्यवहारिकता र स्थायित्वलाई प्राथमिकता दिएको पाइन्छ । त्यसैगरी, कार्ल मार्क्सले दास क्यापिटलमा औद्योगिक क्रान्तिपछिको समाजमा व्याप्त वर्ग संघर्ष, पूँजीवादको शोषण र यसको अन्त्यको लागि साम्यवादी व्यवस्थाको प्रस्ताव अगाडि सारेको पाइन्छ । मार्क्सको सिद्धान्त आर्थिक असमानता हटाउन, वर्गहीन समाजको निर्माणमा केन्द्रित रहेको छ । चाणक्य र मार्क्सका सिद्धान्तहरूको प्रमुख समानता र भिन्नता के हुन् ? वर्तमान राजनीतिक प्रणाली र सामाजिक व्यवस्थामा यी सिद्धान्तहरूको सान्दर्भिकता के हो ? यो अध्ययनले यी प्रश्नहरूलाई समस्याको रूपमा लिदै त्यसको जवाफ खोज्न चाणक्य र मार्क्सका राजनीतिक सिद्धान्तहरूको तुलनात्मक अध्ययनद्वारा समाधानको प्रयास गरिएको छ ।

**अध्ययनको उद्देश्य**

यस लेखको उद्देश्य चाणक्य र मार्क्सको राजनीतिक सिद्धान्तको तुलनात्मक अध्ययन गरी राजनीतिक सिद्धान्तको अन्तर र समानता पत्ता लगाउनु रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य चाणक्य र मार्क्सका राजनीतिक सिद्धान्तहरूको तुलनात्मक विश्लेषण गर्नु रहेको छ । यस उद्देश्यलाई पूरा गर्न गुणात्मक अध्ययन विधि प्रयोग गरिएको छ । अनुसन्धानको प्रकृति गुणात्मक, ऐतिहासिक र तुलनात्मक अध्ययन हो । चाणक्य र मार्क्सका सिद्धान्तहरूसँग सम्बन्धित पुस्तकहरू चाणक्यद्वारा रचित कौटिलीय अर्थशास्त्र र चाणक्य नीति-सूत्र, मार्क्स एङ्गेल्सद्वारा रचित कम्युनिष्ट घोषणापत्र, प्रा.डा. गोपाल शिवाकोटीको राजनीतिक विचारधारा र विश्लेषण, मार्क्सवादी राजनीतिशास्त्र, राजनीतिक शब्दकोश, डा. बुद्धि प्रसाद भण्डारीको राजनीतिक विचारधारा र वादहरु, डा. सुरेन्द्र केसीको नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास (पहिलो भाग), एभगेनिया स्तेपानोभाको कार्ल मार्क्सको जिवनी, दुर्गानाथ खरेलको मार्क्सवादी सिद्धान्तको परिचय (भाग-१) लगायतका पुस्तकहरूलाई द्वितीय स्रोतको रूपमा अध्ययन गरी चाणक्य र मार्क्सका राजनीतिक, आर्थिक र सामाजिक विचारहरूबीच समानता र भिन्नता पत्ता लगाउने राजनीतिक दर्शनको संरचनात्मक र व्यावहारिक दृष्टिकोणको तुलनात्मक विश्लेषण गर्ने काम गरिएको छ । दुवै दार्शनिकहरुका प्रमुख विचारहरूलाई सैद्धान्तिक र व्यावहारिक पक्षलाई तुलनात्मक दृष्टिकोणले विश्लेषण गरिएको छ ।

**सैद्धान्तिक आधार**

यस शोधलेखको सैद्धान्तिक आधार चाणक्य र मार्क्सका राजनीतिक सिद्धान्तहरूको तुलनात्मक अध्ययनमा आधारित छ । चाणक्यको सिद्धान्त अर्थशास्त्र, राजनीतिक, आर्थिक र कूटनीतिक दृष्टिकोणमा आधारित रहेको अध्ययनले देखाएको छ । राजधर्ममा शासकले न्यायपूर्ण, नैतिक र स्थिर शासन सञ्चालन गर्नुपर्ने, अर्थनीति अन्तर्गत राज्यको आर्थिक व्यवस्थापन, कर नीति र समृद्धिको लागि स्पष्ट योजना प्रस्तुत गरिएको उनको रचनाहरूमा पाइन्छ । शक्ति र कूटनीति अन्तर्गत छिमेकी राष्ट्रहरूसँग सम्बन्ध स्थापित गर्नुपर्ने रणनीति उल्लेख गरिएको छ । प्रशासनिक स्थिरता भ्रष्टाचार नियन्त्रण र योग्यतामा-आधारित प्रशासन लगाएतका विषयहरू उल्लेख गरिएको छ । त्यस्तै मार्क्सको सिद्धान्त आर्थिक संरचना र वर्ग संघर्षमा आधारित रहेको अध्ययनले देखाउछ । उनको भौतिकवादी इतिहास दृष्टिकोण समाजको विकास उत्पादन प्रणालीमा आधारित रहेको पाइन्छ । वर्ग संघर्ष भित्र पूँजीपति र श्रमिक वर्गबीचको संघर्ष, जसको समाधान समाजवादी क्रान्तिद्वारा पूँजीवादी प्रणालीको अन्त्य गरी वर्गहीन समाज निर्माण हुने, जहाँ उत्पादनका साधन सामूहिक स्वामित्वमा हुने कुरा उल्लेख गरेका छन् । चाणक्यको सिद्धान्त शासनको स्थिरता र व्यावहारिक नीतिमा केन्द्रित छ भने मार्क्सको सिद्धान्त सामाजिक न्याय र वर्गीय समानतामा आधारित रहेको पाईन्छ । चाणक्यको कूटनीति सत्ता संरक्षणमा आधारित रहेको पाइन्छ भने मार्क्सको क्रान्ति र व्यवस्था परिवर्तनसँग सम्बन्धित रहेको पाइन्छ । चाणक्यले शक्तिको सन्तुलनमा जोड दिएका छन् भने मार्क्सले श्रमिक वर्गको मुक्तिमा जोड दिएको पाइन्छ । दुवै सिद्धान्त आफ्ना समय, समाज र

सन्दर्भअनुसार प्रभावकारी छन् । यी विचारधाराहरूको तुलनात्मक अध्ययनले वर्तमान राजनीति र समाजका लागि नयाँ दृष्टिकोण प्रदान गर्न विश्वास लिइएको छ ।

## चाणक्य र मार्क्सको राजनितिक सिद्धान्त

मानव सभ्यताको विकाससँगै राजनीति र राज्य व्यवस्था बारेको चिन्तनले महत्वपूर्ण स्थान ओगट्दै आएको छ । सामाजिक संरचना, सत्ता सञ्चलन तथा न्यायप्रतिको दृष्टिकोणले समय अनुसार विभिन्न रूप लिएको छ । प्राचीन समयका दार्शनिकहरू देखि आधुनिक राजनीतिक चिन्तकहरूसम्म, मानव समाजलाई प्रभाव पार्ने विभिन्न सिद्धान्तहरू विकसित भएका छन् । यस सन्दर्भमा, चाणक्य र कार्ल मार्क्स दुई प्रभावशाली दार्शनिक हुन्, जसले फरक फरक कालखण्ड र परिवेशमा आफ्नो राजनीतिक बीचारधारा प्रस्तुत गरेको देखिन्छ । चाणक्य, प्राचीन भारतका रणनीतिकार र अर्थशास्त्रका लेखक, राज्यसत्ता र नीतिशास्त्रका विषयमा व्यावहारिक तथा तात्विक मार्गदर्शन दिएका थिए । उनीबाट प्रेरित नीति र कूटनीतिको प्रयोगले मौर्य साम्राज्यको स्थापनामा महत्वपूर्ण भूमिका खेलेको थियो ।

दोस्रोतर्फ, कार्ल मार्क्सले औद्योगिक क्रान्ति र त्यसले उत्पन्न गरेको वर्गीय विभाजनको आधारमा सामाजिक न्यायको परिकल्पना प्रस्तुत गरेका थिए । उनले दास क्यापिटल र कम्युनिस्ट मैनिफेस्टो जस्ता कृतिहरू मार्फत पूँजीवादको आलोचना गर्दै वर्गविहीन समाजको अवधारणा प्रतिपादन गरेका थिए । चाणक्य र मार्क्सका सिद्धान्तहरू इतिहास, संस्कृति र समयको दृष्टिकोणले फरक भए पनि तिनले समाज, अर्थव्यवस्था र राज्यको संरचना सम्बन्धी गहिरो बहस सिर्जना गरेको पाइन्छ । यी दार्शनिकहरूको तुलनात्मक अध्ययनले आधुनिक राजनीतिक चिन्तन र सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान गर्न सक्छ ।

### चाणक्यको परिचय र जीवनी

चाणक्य, जसलाई कौटिल्य वा विष्णुगुप्तका नामले पनि चिनिन्छ । उनी प्राचीन भारतका एक महान् राजनीतिज्ञ, कूटनीतिज्ञ, अर्थशास्त्री र दार्शनिक थिए । उनको जन्म अनुमानतः ईसा पूर्व चौथो शताब्दीमा भारतको तक्षशिला (हाल पाकिस्तानमा) मा भएको मानिन्छ । चाणक्यको योगदान विशेषगरी मौर्य साम्राज्यको स्थापना र त्यसका शासक चन्द्रगुप्त मौर्यलाई सत्तामा पुर्याउन उनको कूटनीतिक भूमिका रहेको पाईन्छ । चाणक्य बाल्यकालदेखि नै असाधारण प्रतिभाशाली थिए । उनले तक्षशिला विश्वविद्यालयमा शिक्षा प्राप्त गरी राजनीति, धर्म, अर्थशास्त्र र समाजशास्त्रका क्षेत्रमा गहिरो ज्ञान हासिल गरेकाथिए । चाणक्यको जीवनको सबैभन्दा महत्वपूर्ण घटना भने चन्द्रगुप्त मौर्यलाई राजसत्तामा पुर्याउनु थियो । त्यस समय भारतका विभिन्न राज्यहरूमा अलग-अलग शासकहरूले शासन गरिरहेका थिए र चाणक्यले ती टुक्रिएका राज्यहरूलाई एकत्रित गरी शक्तिशाली मौर्य साम्राज्यको स्थापना गर्न सहयोग गरेको पाईन्छ (चाणक्य, २०७७ पृ १३-३६) ।

चाणक्यले आफ्नो ज्ञान र अनुभवलाई अर्थशास्त्र नामक ग्रन्थमा समेटेका छन् । यस ग्रन्थमा उनले राजनीति, प्रशासन, कूटनीति, अर्थव्यवस्था र समाजशास्त्रका विभिन्न आयामहरूको विस्तृत वर्णन गरेका छन् । अर्थशास्त्र प्राचीन भारतीय समाज र राज्य व्यवस्थाका लागि मार्गदर्शन कृति मानिन्छ । चाणक्यको कूटनीतिक दृष्टिकोण, व्यावहारिक ज्ञान र दूरदृष्टिले उनलाई "भारतीय मकैयाभेली" को उपमा दिइएको छ । उनी भारतीय राजनीतिक दर्शनका सबैभन्दा प्रभावशाली व्यक्तित्वहरूमध्ये एक हुन् (भण्डारी, २०७१ पृ २३०) ।

### कार्ल मार्क्सको परिचय र जीवनी

कार्ल मार्क्स (१८१८-१८८३) जर्मनीका एक प्रख्यात दार्शनिक, अर्थशास्त्री, इतिहासकार, समाजशास्त्री, पत्रकार र समाजवादी क्रान्तिकारी थिए । उनी आधुनिक समाजवाद र साम्यवादका प्रस्तावक हुन् । मार्क्सको जन्म मे ५, १८१८ मा जर्मनीको ट्रायर सहरमा एक यहूदी परिवारमा भएको थियो । उनका पिता एक वकिल थिए र परिवारले सुधारिएको धार्मिक तथा बौद्धिक वातावरण प्रदान गरेको पाइन्छ । मार्क्सले आफ्नो उच्च शिक्षा बर्लिन विश्वविद्यालयमा कानून र दर्शनशास्त्रको अध्ययनबाट सुरु गरे । उनले प्रारम्भिक जीवनमा हेगेलका बीचारहरूसँग प्रभावित भए तापनि पछि उनी हेगेलियन आदर्शवादको आलोचक बनेको पाइन्छ । मार्क्सले आफ्नो जीवनभर दार्शनिक, आर्थिक र ऐतिहासिक अध्ययन गर्दै समाजमा परिवर्तन ल्याउने क्रान्तिकारी बीचारधाराको विकास गरेका छन् (स्तेपानोभा, २०५७ ) । मार्क्सको प्रमुख कृति दास क्यापिटल (१८६७) हो, जहाँ उनले पूँजीवादको संरचना, यसको शोषण प्रणाली र यसको अन्तर्निहित अस्थिरताको विश्लेषण गरेका छन् । यसैगरी, मार्क्स र फ्रेडरिक

एङ्गेल्सले सहलेखन गरेको कम्युनिस्ट मैनिफेस्टो (१८४८) ले विश्वव्यापी श्रमिक आन्दोलनको आधार तयार गरेको थियो । यस कृतिमा उनले वर्ग संघर्षलाई इतिहासको प्रमुख प्रेरक शक्ति भनेका छन् र वर्गविहीन समाजको परिकल्पना गरेका छन् । मार्क्सले आफ्नो जीवनको अधिकांश समय निर्वासनमा बिताए । उनी बेलायतको लण्डनमा बसोबास गर्दै आफ्नो अध्ययन र लेखन कार्यमा संलग्न भए । गरिबी र स्वास्थ्य समस्याका बाबजुद, उनले समाज र अर्थतन्त्रका विविध पक्षहरूको गहिरो विश्लेषण गर्दै श्रमिक वर्गको मुक्ति र समानतामूलक समाज निर्माणको मार्गचित्र प्रस्तुत गरेका थिए । कार्ल मार्क्सको बीचारहरूले १९औं र २०औं शताब्दीमा श्रमिक आन्दोलन, समाजवादी शासन र राजनीतिक सिद्धान्तमा गहिरो प्रभाव पारेको छ । उनको दर्शन आज पनि राजनीति, अर्थशास्त्र र समाजशास्त्रका अध्ययनहरूमा महत्वपूर्ण मानिन्छ (स्तेपानोभा, २०५७) ।

**चाणक्यको राजनितिक सिद्धान्त**

चाणक्यको सिद्धान्तको रूपमा सप्ताङ्ग सिद्धान्तलाई मानिन्छ । उनको विचार दृष्टिकोणहरू उनीद्वारा रचित कौटिल्यको अर्थशास्त्रमा विशेष उल्लेख गरिएको छ । उनको सप्ताङ्ग सिद्धान्तमा राज्यलाई महामानवको रूपमा लिई सिद्धान्त प्रतिपादन गरेका छन् । यसभित्र राजा वा स्वामी, अमात्य वा मन्त्रीपरिषद, जनपद, दुर्ग, कोष,दण्ड र मित्र गरी सात अंगको वर्णनका साथै मत्रीहरूको नियुक्ति, शासन प्रक्रिया, गुप्तचरहरूको व्यवस्था, परराष्ट्र सम्बन्ध, सन्धि, विग्रहका सिद्धान्त, आर्थिक क्रियाकलाप आदि सिद्धान्तको विषयमा उल्लेख गरिएको पाईन्छ (शिवाकोटी, २०७० पृ २५१-२५२) । उनको साप्ताङ्ग सिद्धान्तका अङ्गहरू निम्न छन् ।

***स्वामी वा राजा***

कौटिल्यले राजालाई राज्यको प्रमुख अंग मानेका छन् । उनको राजनीतिक सिद्धान्तको केन्द्रमा राजालाई राखिएको छ । उनले राजाको चालचलन, योग्यता, काम कर्तव्यको विषयमा उल्लेख गरिएको छ । उनका अनुसार राजा उच्चकुलको, दैवी शक्ति अथवा दैवी बुद्धि भएको, सत्य बोल्ने, परस्पर विरोधी कुरा नगर्ने, कृतज्ञ, उच्च लक्ष्य भएको, सामन्तराज्यलाई आफ्नो बसमा राख्न सक्ने, शिक्षित र ज्ञानी, ज्ञानको उपयोग प्रजाको हितमा हुनुपर्ने उल्लेख गरिएको छ । राजाले काम, क्रोध, लोभ, मान, भेद तथा हर्षलाई छोडी ईन्द्रियमाथि विजय प्राप्तगरी परस्त्री, परायधन, चञ्चलता, झुटो बोल्ने, अधर्म चिन्तन र अनर्थकारी प्रवृत्ति छोड्नु पर्ने उल्लेख गरेका छन् ।

राजाले आफ्नो राज्यको सुरक्षाको लागि राजभवनको निर्माण, दुर्गाको ब्यबस्था, जनपदको निर्माण, आन्तरिक सुरक्षाको लागि गुप्तचरको नियुक्ति, जेल, कर, संञ्चय, खनिज पदार्थको विक्रीको व्यवस्था, मुद्राको व्यवस्था, वाह्य सुरक्षाको लागि कुटनैतिक सम्बन्ध, उत्तराधिकारी छनोट नियमको निर्धारण, सैनिक छाउनी स्थापना, सैनिक संग्रह आदिको व्यवस्था मिलाउनु पर्ने उल्लेख गरेका छन् (शिवाकोटी, २०७३, पृ १५) । राजा सधै उन्नतीशील हुनुपर्ने, आफ्नो दिनचर्यालाई व्यवस्थित गर्न, राजकाजलाई व्यवस्थित संचालन गर्न, रात र दिनलाई आठ-आठ भागमा बिभाजन गरी सोहीअनुरुप काम गर्नु पर्ने उल्लेख गरेका छन् (कौटिल्य, २०७३ पृ ४२) । राजा कठोर दण्ड दिने, निरङकुश हुन् नहुने, नरम शासक हुनुपर्ने कुरा उल्लेख गरेका छन् (कौटिल्य, २०७३ पृ.४) ।

***अमात्य वा मन्त्रिपरिषद***

कौटिल्यको सप्ताङ्ग सिद्धान्त अन्तर्गत राजा पछि अमात्य वा मन्त्रिपरिषदलाई लिइन्छ । उनले मन्त्रीलाई महत्वपूर्ण अङ्गको रूपमा लिएका छन् । उनले विद्या, वुद्धि, साहस, गुण, दोष, देश काल र पात्रको राम्रो बीचार गरेर मात्र मन्त्रीको रूपमा नियुक्ति गर्नुपर्ने उल्लेख गरेका छन् । देशभित्र जन्मिएको, कुलिन, अवगुण नभएको, सवारीको राम्रो ज्ञान भएको, ललितकला जान्ने, अर्थशास्त्रको ज्ञाता, वुद्धिमान, स्मरणशक्ति सम्पन्न, चतुर, बोल्नमा कुसल, तार्किक वादविवाद गर्न सक्ने, उत्साही, प्रभावशाली, सहनशील, पवित्र, मित्रताको गुण भएको, दृढ, स्वाभिमानी, स्वस्थ, धैर्यवान, स्थिरप्रकृति, देख्नलाई राम्रो आदि स्वाभाव भएको व्यक्तिलाई प्रधानमन्त्री र त्यसको एक चौथाई गुण भएको व्यक्तिलाई मन्त्री बनाउन सकिने कुरा उल्लेख गरेका छन् (कौटिल्य, २०७३ पृ.११) । मन्त्रीपरिषदको नियुक्त गर्नुभन्दा पहिले उनिहरू मन्त्री बन्न लायक छन छैनन्, उनीहरूको योग्यता जाँच गर्नुपर्ने आवश्यक हुने कुरा उल्लेख गरेका छन् । त्यसका लागि आदर्श पुरुषद्वारा उनको बसोबास, आर्थिक स्थिति लगायत गुणको जाँच गर्नुपर्ने उल्लेख गरेका छन् । गुप्तचरद्वारा धर्मोपधा, अर्थोपधा, कामोपधा, भयोपधा जस्ता विधिबाट अमात्यको पवित्रताको जाँच गर्नुपर्ने उल्लेख गरेका छन् (कौटिल्य, २०७३ पृ.१२) ।

***जनपद***

कौटिल्यको सप्ताङ्ग सिद्धान्तको तेस्रो महत्वपूर्ण अङ्गको स्वरुप जनपदलाई लिएको छ । कौटिल्यको अर्थशास्त्रमा जनपद भनेर जनता र भुमीलाई वताइएको छ । राजाले अर्को देशबाट जनता बोलायर वा आफ्नै देशका जनताहरू ल्यायर पुराना वा नयाँ जनपदको रूपमा बस्तिहरूको विकास गर्नुपर्ने उल्लेख गरेका छन् । जनपदमा शुद्र र किसानहरू बढी हुनुपर्ने उल्लेख गरेका छन् । कम्तीमा सय घर र बढीमा पाँचसय घर भएको बस्ती निर्माण गर्नुपर्ने, ती बस्तीहरूले आवश्यक परेको बेला एकआपसमा सहयोग लिन दिन सकुन् भनी उल्लेख गरेका छन् । नदी, पहाड, जङ्गल, खाडल, तलाउ भएको र बर, पिपल, सिमल, समीका रूखहरू रोपेर सिमाना निर्धारण गर्नुपर्ने उल्लेख गरेका छन् । आठगाँउको बीचमा एउटा 'स्थानीय', चारसय गाउँको समूहमा एउटा 'द्रोणमुख', दुईसय गाउँको बिचमा एउटा 'संग्रहण' जस्ता ठाउँहरुको विशेष रूपमा स्थापना गर्नुपर्ने उल्लेख गरेका छन् । जनपदको सिमानामा अन्तपालको अध्यक्षतामा नै द्वारका रूपमा गौंडाहरूको स्थापना गर्नुपर्ने, तिनको भित्रिभागको रक्षा व्याध, शवर, पुलिन्द, चाण्डल आदि बनवासी जातिका मानिसहरूले गरून् भन्ने कुरा उल्लेख गरेका छन् (कौटिल्य, २०७३ पृ. १५१-५२) ।

***दुर्ग वा किल्ला***

कौटिल्यको सप्ताङ्ग सिद्धान्त अन्तर्गतको अर्को महत्वपूर्ण अङ्ग हो दुर्ग । जनपदका चारैतिरका सीमानाहरूमा देशको रक्षा र युद्ध अनुकुल हुने गरी प्राकृतिक दुर्ग निर्माण गर्नु पर्ने उल्लेख गरिएको छ । चारैतिर पानीले घेरिएको बिचमा टापु जस्तो भएको ओदक, ठुला-ठुला ढुङ्गा पर्वतले घेरेर बनाइएको पार्वत, पानी र घाँस नभएको बालुवाको बिचमा बनाइएको धान्वक र चारैतिर दलदल हिड्न नसकिने जङ्गलले ढाकिएको वनदुर्ग गरी चार प्रकारका दुर्ग निर्माण गर्नु पर्ने उल्लेख गरिएको छ (कौटिल्य, २०७३ पृ.५६) । यसरी तयार पारिएको दुर्गको सम्बन्ध राजधानी र राजाको रक्षासँग जोडिएको देखिन्छ । माथि उल्लेखित दुर्गहरू मध्य ओदक, पार्वतले जनपदको रक्षा गरूण र धान्वक, वनदुर्गले जङ्गली जनावरहरूको रक्षाका अलावा राजधानीको साथै संकटको वेला राजालाई भाग्न वा लुक्न मद्दत गरून भन्ने कुरा उल्लेख गरिएको छ ।

***कोष***

कौटिल्यले कोषलाई राज्यको अत्यन्तै महत्वपूर्ण अङ्गको रूपमा लिएका छन् । कोषको अभावमा राज्य संचालन गर्न सम्भब नहुने भन्दै राज्यसँग भरपुर रूपमा आफ्नै आयस्रोत हुनुपर्ने उल्लेख गरेका छन् । प्रजाको उपजको छ भागको एकभाग, बहुमूल्य धातु र मुद्राहरू राज्यको कोषमा राख्नुपर्ने उल्लेख गरेका छन् । उनले तिनवटा सिद्धान्तको आधारमा आर्थिक निती बनाएका छन् । पहिलो सिद्धान्त अनुसार राज्यको अस्तित्व निर्भर रहने उद्योगहरू राज्यले संचालन गर्नुपर्ने, यी उद्योगहरूको पुँजी, श्रम लगायत प्रबन्ध राज्यले गर्नुपर्ने, अन्य महत्वपूर्ण उद्योगहरूमा प्रबन्ध, पुँजी, श्रमको जिम्मा निजीमा छोडिदिनु पर्ने, तेस्रोमा व्यक्तिद्वारा व्यक्तिमाथिको शोषण रोक्नका लागि राज्यमा अर्थको उत्पादन, वितरण र उपयोग माथि राज्यद्वारा नियन्त्रण गरिनुपर्ने कुरा उल्लेख गरिएको छ (भन्डारी, २०७१ पृ.२३६) । कौटिल्यले प्रतिवन्ध, प्रयोग, व्यवहार, अवस्तार, परिहायण, उपभोग, परिवर्तन र अपहार जस्ता आठ प्रकारका कोषलाई हानि हुने कारणहरू उल्लेख गरेका छन् । राज्यको सम्पत्ति बढाउने, राष्ट्रको चरित्रमा ध्यान दिने, चोरचकारको रोकथाम गर्ने, घुसखानबाट कर्मचारीलाई रोक्ने, बाली उब्जाउ बढाउने, व्यापारयोग्य वस्तु बढाउने, उत्पातबाट जोगाउने, उचित समयमा कर उठाउने र हिरण्य आदि उपहार ग्रहण गर्ने, कामहरूबाट राज्यको कोष बढ्छ भनि उल्लेख गरिएको छ । यस्तै दण्ड, बेवारिसे धन, नुनमा लगाइएको कर, खेती, छैटौं भाग, उपहार, कर, व्यापार, नदी तरेको कर, ढुङ्गामा लगाइएको कर, चरणको कर, बाटो कर, जमिन नापजोखको कर र चोरि पक्रेर उठेको कर लगायत राज्यको आयको रूपमा मानिएको छ । राष्ट्र खनी सेतु, वन, वज्र, वणिक्पथ यी सबै आयआर्जनका स्रोतको रूपमा लिएको छ । यस्तै देवपुजा, पितृप्रति, दान, सेना, रक्षा, निर्माण, जनकल्याण, शाहिभरण आदिलाई व्ययको रूपमा उल्लेख गरिएको छ (कौटिल्य, २०७३ पृ ६५-७६) ।

***दण्ड***

कौटिल्यको सप्ताङ्ग सिद्धान्त अन्तर्गत अर्को महत्वपूर्ण अङ्ग हो दण्ड अथवा सेना । वंशानुगत स्थायी एवम् वसमा रहने व्यक्तिलाई सेनामा भर्ती गर्नुपर्ने उल्लेख गरेका छन् । कहि पनि नहार्ने, दु:ख सहन सक्ने, युद्ध

कुशलताबाट परिचित, हरतरहले युद्धमा निपुण, राजाका लाभ र हानिमा हिस्सेदार भएका क्षेत्रीय सेनालाई उत्तम सेना मानेका छन् । आवश्यकता अनुसार वैश्य र शुद्रलाई पनि सेनामा सामेल गराउनुपर्ने उल्लेख गरेका छन् । ब्राह्मण नरम हुने भएकाले शत्रुले आफ्नो बसमा पार्न सक्ने भन्दै उनीहरूलाई सेनामा सामेल नगराउन उल्लेख गरेका छन् । सेनाका चार अङ्गहरू पैदल, हात्ती, घोडा र रथ सेना हुनुपर्ने उल्लेख छ । कौटिल्यले मौलबल, भृत्यबल, श्रेणीबल, श्रेणीबल, शत्रु पक्षको सेना र अटवीबल गरी छ प्रकारका सेनाका बारेमा वर्णन गरेका छन् । जसमध्य अघिल्लो चार सेनालाई उत्तम सेना मानेका छन् । सेनाका चारै अंगलाई अस्त्र सस्त्रले आवश्यक सामग्रीहरू उपलब्ध गर्नुपर्ने उल्लेख छ । शत्रु बिरुद्ध युद्ध गर्दा राजासँग उत्साह, प्रभाव र मन्त्र गरी तिन प्रकारको शक्ति हुनुपर्ने, उत्साह भनेको नैतिक बल, प्रभाव भनेको शास्त्र शक्ति र मन्त्र भनेको कुटनीतिक शक्ति भनी उल्लेख गरेका छन् । उनले धर्म युद्ध, कूट युद्ध, निष्कपट युद्ध गरी युद्धलाई तीन श्रेणीमा विभाजन गरेका छन् । शत्रुको बालीनाली नस्ट गर्ने, पानी दुषित पार्ने र शत्रुको साधन लाई नस्ट गर्नुलाई पनि युद्धमा उचित हुने कुरा उल्लेख छ (भन्डारी, २०७१ पृ. २३६-२३७) ।

***मित्र***

मित्र कौटिल्यको सप्ताङ्ग सिद्धान्तको सातौं महत्वपूर्ण अंगको रुपमा लिइन्छ । यसमा राज्यको अन्तराष्ट्रिय सम्वन्धको विषयमा उल्लेख गरिएको छ । एक राज्यलाई अर्को मित्र राज्यको आवश्यकता पर्ने कुरा उनले औंल्याएका छन् । उनले राज्यलाई मित्र राज्य, शत्रु राज्य, मध्यम राज्य र उदासीन राज्य गरी चार श्रेणीमा विभाजन गरेका छन् । उनले राज्यबीचको सम्बन्धलाई षड्गुण सिद्धान्तको आधारमा विस्तार गरिनुपर्ने उल्लेख गरेका छन् । राजाले परिस्थिति हेरेर सन्धि, शत्रु आफुभन्दा शक्तिशाली भएमा विग्रह, उचित अवसरको खोजीमा चुपचाप बस्नुलाई आसन, अर्को राज्यमाथि हमला गर्नुलाई यान, शत्रु शक्तिशाली हुँदा बलियो अर्को राज्यसँग शरण लिनुलाई संश्रय र एउटा राजासँग संघर्ष अर्कोसँग सन्धि गर्नुलाई द्वैधीभाव गरी यी छ प्रकारका गुणका आधारमा सन्धि राख्नुपर्ने उल्लेख गरेका छन् । विदेश नीतिमा साम, दाम, दण्ड, भेदको नीति अपनाउनुपर्ने उल्लेख गरेका छन् (भन्डारी, २०७१ पृ.२३७) ।

**मार्क्सको राजनीतिक सिद्धान्त**

मार्क्सको राजनितिक सिद्धान्तलाई मार्क्सवाद भनिन्छ । कार्ल मार्क्स आफैले भने वैज्ञानिक समाजबाद भनेर नाम दिएका छन् । कार्ल मार्क्सले रूसो, बाल्टिमोर, हल्वक, लेसिग, ह्युम, मेकियाबेली आदिको गहन अध्ययन गरेकाभएता पनि हेगेल र एडम स्मिथको वढी प्रभाव परेको पाइन्छ । उनको द्वन्द्ववाद हेगेलको द्वन्द्ववादबाट वढी प्रभावित भएको देखिन्छ । हेगेलबाटै संसार निरन्तर परिवर्तनशील छ भन्ने सिके तर मार्क्सको द्वन्द्ववाद हेगेलको भन्दा फरक छ । उनी फायकबाकको प्रभावमा आदर्शवादलाई छोडेर भौतिकवादी भएको पाईन्छ । वास्तवमा मार्क्सले हेगेलको द्वन्द्ववाद उल्टाएर र फायरबाकको यान्त्रिक भौतिकवादलाई सच्याएर द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त प्रतिपादन गरेको देखिन्छ (शिवाकोटी, २०७४ पृ.२३३-२३४) ।

उनको राजनीतिक अर्थशास्त्रमा पनि रिकार्डो र एडम स्मिथको प्रभाव देखिन्छ । मार्क्सले आफ्नो सिद्धान्तलाई वैज्ञानिक समाजवाद भनेका छन् । उनी आफ्नो मतलाई वैज्ञानिक तरिकाले समाजको स्वरूप तथा विकासको नियमहरुको खोजिगरेको देखिन्छ । उनले समाजको परिवर्तन कसरी हुन्छ, किन हुन्छ, अब समाजको दिशा कतातिर जान्छ भन्नेकुरा वैज्ञानिक तवरले व्याख्या गरेका छन् । मानव समाजको परिवर्तन अकस्मात र अकारण हुदैन । अपितु बाह्य प्रकृतिमा हुने परिवर्तन जस्तै केहि विशिष्ट नियमद्वारा हुन्छ भन्ने निष्कर्ष निकालेका छन् (शिवाकोटी, २०७४ पृ.२३३-२३४) ।

**मार्क्सवादीका प्रमुख सिद्धान्तहरू**

***द्वन्द्वात्मक भौतिकवाद***

द्वन्द्वात्मक भौतिकवाद मार्क्सको दर्शनको आधारको रूपमा मानिन्छ । उनले सबै सृष्टीको मूल तत्व पदार्थलाई मानेका छन् । उनका अनुसार पदार्थमा विपरित तत्वमा हुने द्वन्द्वका कारण वस्तु एक रूपबाट अर्को रूपमा परिवर्तन भइरहन्छ । वस्तुमा हुने निरन्तर परिवर्तनले सम्पुर्ण सृष्टि, विकास तथा परिवर्तनका कारण हो । द्वन्द्ववादको सन्दर्भमा हेगेलको मतवाद, प्रतिवाद तथा सम्वादबाट निरन्तर विकास हुन्छ । मार्क्स हेगेलबाट प्रभावित भएतापनि त्यसलाई स्वीकार नगरी परिवर्तन गरेका छन् । हेगेलले विचारलाई राखेको ठाउँमा पदार्थलाई राखेका

छन् । उनले पुँजीमा उल्लेख गरेकाछन "हेगेलको दर्शनलाई टाउकोले टेकेको पाएँ र मैले त्यसलाई खुट्टाको बलमा उभ्याए" । यसरी मार्क्सले द्वन्द्वात्मक भौतिकवादमा पदार्थलाई मूल तत्वको रूपमा मानेका छन् (शिवाकोटी, २०७४ पृ.२३५-२३६) । मार्क्सको द्वन्द्वात्मक भौतिकवादको मुख्य तीनवटा नियमहरू छन् । पहिलो 'विरोधिमा एकता र संघर्ष' । हरेक पदार्थ विपरित तत्वबाट बनेको हुन्छ । पदार्थ गतिशिल हुन्छ । पदार्थमा विपरित तत्वबीचको सघर्षका कारण वस्तुमा परिवर्तन र विकास भैरहन्छ । दोस्रो हो 'मात्रात्मकबाट गुणात्मक परिवर्तनको नियम'। जसमा वस्तुमा कमवेसी परिवर्तन भइ नै रहन्छ । त्यसबाट रूपमा खासै परिवर्तन आउदैन तर विशेष मात्रामा परिवर्तन भयो भने सो पदार्थको गुणमा एकाएक परिवर्तन आउँछ जसले गर्दा गुण र रुप दुबैमा परिवर्तन आउँछ । तेस्रो हो 'निषेधको नियम' । यस नियम अनुसार परिवर्तन जथाभावी नभएर एक निश्चित दिशामा हुन्छ । जसमा पुरानो नष्ट भै नयाँ उत्पन्न हुन्छ, नयाँको विकास हुँदा पुरानो निषेध हुने नियम नै निषेधको नियम हो (शिवाकोटी, २०७१ पृ.६-१०) ।

***ऐतिहासिक भौतिकवाद***

ऐतिहासिक भौतिकवादले समाज विकासको ऐतिहासिक पृष्ठभूमीलाई द्वन्द्वात्मक तरिकाले व्याख्या र विश्लेषण गरेको पाइन्छ । जसमा समाजलाई आर्थिक तथा सामाजिक संरचनाको आधारमा आदिम साम्यवादी युग, दास युग, सामन्ती युग, पुँजीवादी युग, समाजवादी युग र साम्यवाद गरी छ युगमा विभाजन गरिएको छ । मानिस सामुहिक रूपमा एक ठाउँमा बसी आफ्नो सुरक्षा गर्ने सामुहिक श्रमद्वारा खाद्यसामग्री संकलन गरी त्यसलाई बाँडेर जीवन धान्ने गरी समाज चलेकाले कानुन राज्य नभएको त्यतिबेलाको वर्गविहिन आदिम समाजलाई आदिम साम्यवादको रुपमा व्याख्या गरिएको छ । समाज विकासको क्रममा उत्पादन शक्तिको विकाससँगै निजी सम्पत्तिको पनि विकास भयो । त्यही व्यक्तिगत सम्पत्तिको आकांक्षाले क्षेत्र र प्रभुत्वको लागि कविलाहरूको बीचमा युद्ध हुन थाले । पराजित युद्ध बन्दीलाई कामदारको रूपमा दास बनाउन थालियो । त्यहिबाट युद्ध जित्ने मालिक र हार्ने दासको रुपमा परिणत भए । त्यहि समाजलाई दास युग भनेर भनिन्छ ।

दासयुगका मालिकहरू नै सामन्ती युगमा सामन्तको रूपमा परिनत भए । सामन्तहरू जमिनको मालिक हुन थाले भने अन्य मानिसहरू तिरो तिरेर मोहिको रूपमा काम गर्ने व्यवस्था भयो । जमिनदारहरू सामन्तको रूपमा आए भने कामदारहरू भूदासको रूपमा परिवर्तन भए । समाज फेरिए तापनि समाजिक चरित्र फेरिएन । समाज शोषक र शोषितको रूपमा रहिरह्यो । सामन्तहरूले प्राकृतिक स्रोतसाधन माथि आफ्नो दैवि अधिकार भएको भनी सामन्ती संस्कृति निर्माण गर्दै सामाजिक अन्तरविरोधलाई थप जटिल बनाउँदै लगियो । सामन्तहरूको प्रतिनिधित्व गर्ने संस्थाको रुपमा राजतन्त्र बन्न पुग्यो । यहि समाजलाई सामन्ती युग भनेर भनिएको छ (केसी, २०७९ पृ.१७) । सामन्ती उत्पादन सम्बन्ध भित्रबाटै व्यापार र हस्तचलित कालिगढीको विकासले विनिमय प्रणाली मै ठुलो अन्तर ल्यायो । वस्तु विनिमयको ठाउँ मुद्रा विनिमयले ल्यायो । व्यापार, व्यवसाय, कलकारखानाको विकासले कलकारखानाका मालिकहरू पूँजीपतीको रूपमा विकास भए । कामदारहरू मजदुरको रूपमा विकास भए । यहि समाजलाई मार्क्सवादका अनुसार पूँजीवादी युग भनिन्छ । जसरी सामन्तवादी समाजको गर्भबाट पूँजीवादको जन्म हुन्छ । त्यसैगरी नै पूँजीवादी समाजको गर्भबाट समाजवादको जन्म हुन्छ । पूँजीवादी समयमा मजदुरहरूको अवस्था नाजुक हुँदै जान्छ, उनीहरूको बीचमा नाफाको होडबाजीले तीब्र प्रतिस्पर्धा हुन्छ । साना पूँजीपतिहरूलाई ठूलापूँजीपतिले खाइदिन्छन् र सर्बहारा वर्गमा परिणत हुन्छन् । मजदुर तथा सर्वहाराको संख्या बढ्दै जान्छ । पूँजी सिमित व्यक्तिहरुको हातमा पर्न जान्छ । पुँजीपति र सर्बहाराको बीचमा संघर्ष भै समाजवादी व्यवस्था स्थापना हुन्छ । जुन व्यवस्थामा उत्पादनका साधनहरू सर्बहारा वर्गले आफ्नो हातमा लिन्छ । सम्पूर्ण उत्पादनका साधनहरूमा सामाजिक स्वामित्व हुन्छ । यसै व्यवस्थामा शाषक र शोषित बीचको अन्त हुने कुरा उल्लेख गरिएको छ । यसैलाई समाजवादी युग भनिएको छ (केसी, २०७९ पृ.२२, शिवाकोटी, २०७४ पृ.२४६) । मार्क्सवादका अनुसार समाज विकासको अन्तिम चरणको रूपमा साम्यवादलाई लिएको छ । सर्वहारा वर्गको संघर्षद्वारा पूँजीवादी अवशेषहरूको नष्ट पछी समाजमा शोषणको अन्त्य, वर्गको अन्त्य भै राज्यको आवश्यकता नपर्ने, राज्यविहीन, शोषणविहीन, वर्गविहीन, उत्पादनका साधनहरू सामाजिकीरण भै सबै समान हुने व्यवस्था नै समाजवादी युग भनिएको छ (शिवाकोटी, २०७४ पृ. २४६) ।

***अतिरिक्त मूल्यको सिद्धान्त***

अतिरिक्त मूल्यको सिद्धान्त मार्क्सवादी अर्थशास्त्रको मुल आधार हो । मार्क्सले अतिरिक्त श्रमशक्तिबाट पैदाभएको मूल्यलाई नै अतिरिक्त मूल्यको रूपमा लिएका छन् । यो सिद्धान्त मूल्यको श्रम सिद्धान्तमा आधारित छ । मार्क्सले प्रत्येक उत्पादित वस्तुमा उपयोग मूल्य र विनिमय मूल्य गरी दुइ प्रकारका मूल्य हुनेकुरा उल्लेख गरेका छन् । उपयोग मूल्य कुनै वस्तुको उपयोगको आधारमा निश्चित हुन्छ, तर कुनै वस्तुको मूल्य निर्धारणमा उपयोग मूल्यको नभई सबै विनिमय मूल्यको हुनेकुरा उल्लेख छ । मार्क्सको भनाई यो छ की, प्रत्येक वस्तुको वास्तविक मूल्य त्यसमा लागेको श्रम हो । जसलाई मानव उपयोगी बनाउने उद्देश्यले खर्च गरिएको हुन्छ । त्यही खर्चले त्यसको विनिमय मूल्य उत्पादन गर्छ । उनको भनाइ अनुसार, कुनै वस्तुमा खर्च गरिएको सामाजिक दृष्टिले उपयोगी श्रमलाई नै त्यसको वास्तविक मूल्यको निर्धारण तत्व मान्दछन् । यसै श्रमको सिद्धान्तमा मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्त आधारित छ (भन्डारी, २०७१ पृ. २१२) । मजदुरहरूले आफुले पाउने ज्याला भन्दा धेरै मूल्य उत्पादन गर्दछ । मजदुरले गरेका कामलाई दुई भागमा बाडेर हेर्दा के देखिन्छ भने पहिलो श्रमकालमा मजदुरले आफुले पाउने श्रमको मूल्यका लागि काम गर्दछ । दोस्रो श्रमकालमा उत्पादित मूल्य मालिकको पोल्टामा पर्नजान्छ । यसरी मालिकको पोल्टामा पर्नगएको दोस्रो श्रमकालको मूल्य नै अतिरिक्त मूल्य हो । श्रमिकले आफ्नो श्रमशक्तिको मूल्य भन्दा बढी सृजना गरिदिएको मूल्य जसको उसले केही नपाई मालिकले खोसीदिन्छ, त्यही नै अतिरिक्त मूल्य हो । जसलाई अतिरिक्त मूल्यको सिद्धान्त भनिन्छ (खरेल, २०६४ पृ. ५६-५७) ।

***वर्ग संघर्ष***

पदार्थमा विपरित तत्वहरूबीच निरन्तर संघर्ष भएजस्तै समाजमा दुई वर्ग बिद्यमान रहन्छ शोषक वर्ग र शोषित वर्ग । यी दुई वर्गबीच निरन्तर संघर्ष भइ नै रहन्छ । त्यही संघर्षले समाज विकासको चरणलाई नयाँ ठाउमा पुर्याउछ । मार्क्स एङ्गेल्सद्वारा लिखित कम्युनिष्ट घोषणापत्र (१८४८) को पहिलो वाक्य मै भनिएको छ, अहिले सम्म अस्तित्वमा रहेका सबै समाजहरूको इतिहास वर्ग संघर्षको इतिहास हो (मार्क्स, १९८६ पृ.२३) । यसरी हरेक समाजमा विपरित वर्गहरुको संघर्ष रहिरहने कुरा उल्लेख गरिएको छ । अभिजात वर्ग र साधारण जनता, मालिक र दास, सामन्त र किसान, स्वामि र मजदुर अर्थात सबैलाई एकै शब्दमा भन्नुपर्दा शोषक र शोषित सदैव एक अर्काको विरूद्धमा कहिले खुलेर त कहिले गुप्त रूपमा निरन्तर युद्ध गरिनै रहेका छन् । हरेक संघर्षमा क्रान्तिकारी वर्गले बुर्जुवा वर्गलाई परास्त गरी प्रगतिशील बाटोमा अगाडि बढीरहने र शोषित वर्गले शोषक वर्गलाई परास्त गरी सामन्तवादबाट पूँजीवाद हुदै समाजवाद, साम्यवादसम्म पुग्ने कुरा उल्लेख गरिएको छ (मार्क्स, १९८६ पृ. ७२) ।

## तुलनात्मक अध्ययन

राजनीतिक सिद्धान्तहरू समय र समाजको आवश्यकता अनुसार विकसित भएको पाइन्छ । चाणक्यको सप्ताङ्ग सिद्धान्त प्राचीन भारतीय राजनैतिक चिन्तनको आधारशिला हो, जसले राज्य सञ्चलन र स्थायित्वमा केन्द्रित विचारहरू प्रस्तुत गरेका छन् । मार्क्सवाद आधुनिक कालको वर्ग संघर्ष र शोषणको अन्त्यको दर्शन हो । यी दुई सिद्धान्तहरू भिन्न समय, सन्दर्भ र उद्देश्यका प्रतिनिधि भए पनि तिनको तुलनाले राजनीतिक सिद्धान्तको विविध आयामलाई बुझ्न मद्दत पुर्याउँछ ।

***सिद्धान्तको प्रकृति***

चाणक्यको सप्ताङ्ग सिद्धान्तको सैद्धान्तिक पक्षको प्रकृतिलाई हेर्दा उनको सिद्धान्त व्यावहारिक देखिन्छ, जसले राजालाई राज्यका सात अंगहरू (राजा, मन्त्री, जनपद, दुर्ग, कोष, सेना, मित्र) को व्यवस्थापनमा केन्द्रित गरेको पाइन्छ । यो शक्ति, स्थिरता र सुरक्षा सुनिश्चित गर्नमा आधारित देखिन्छ । त्यस्तै मार्क्सको सिद्धान्त वैचारिक रूपमा क्रान्तिकारी भएको, जसको उद्देश्य पूँजीवादको अन्त्य र साम्यवादको स्थापना गर्ने रहेको देखिन्छ । यो वर्ग संघर्ष र श्रमिकहरूको अधिकार सुनिश्चित गर्न केन्द्रित रहेको पाइन्छ । कौटिल्यको सिद्धान्त राज्य सञ्चलनको व्यावहारिक पक्षमा केन्द्रित देखिन्छ, भने मार्क्सको सिद्धान्त सामाजिक रूपान्तरणको दीर्घकालीन प्रक्रियामा भएको पाइन्छ । कौटिल्यले तत्कालीन समाज र शक्ति सन्तुलनलाई मान्यता दिएको पाइन्छ भने मार्क्सले त्यो संरचनालाई परिवर्तन गर्न खोजेको पाइन्छ ।

***राजनीतिक दृष्टिकोण***

कौटिल्यको राजनैतिक दृष्टिकोण कूटनीति, रणनीति र शक्ति सन्तुलनलाई प्रमुखता दिएको पाइन्छ । "शत्रुको शत्रु मित्र हो" जस्ता कूटनीतिक दृष्टिकोणलाई प्राथमिकता दिँदै, उनले स्थिरता र शक्ति कायम राख्न सल्लाह दिएका छन् भने मार्क्सले राज्यलाई एक अस्थायी संरचना मानेका छन्, जसले वर्ग विभाजनलाई संस्थागत गर्छ । उनले समाजवाद र साम्यवाद मार्फत राज्यको अन्त्यको वकालत गरेका छन् कौटिल्यको राज्यको विचार स्थिरता र शक्ति सुदृढीकरणमा आधारित छ, भने मार्क्सको विचारमा राज्यको अन्त्य अपरिहार्य रहेको कुरा उल्लेख गर्दछन् । कौटिल्यले सत्ताको उपयोगबाट शासकीय स्थायित्व खोजेको देखिन्छ भने मार्क्सले शासकीय सत्ताको उन्मूलन गरी वर्गविहिन समाज निर्माण गर्न चाहन्छन् ।

***आर्थिक दृष्टिकोण***

चाणक्यको सप्ताङ्ग सिद्धान्तमा "कोष" (अर्थव्यवस्था) महत्वपूर्ण अङ्ग हो । चाणक्यले आर्थिक स्रोतहरूको संग्रह र उपयोगलाई सशक्त राज्यको आधार मानेका छन् । मार्क्सले भने उत्पादनका साधनहरूमाथिको व्यक्तिगत स्वामित्वलाई शोषणको कारण मानेका छन् । उनले सामूहिक स्वामित्वको अवधारणालाई प्राथमिकता दिएका छन् । कौटिल्यको सिद्धान्तमा अर्थतन्त्रको उद्देश्य सत्ताको सुदृढीकरण हो, जबकि मार्क्सको सिद्धान्तमा यो समानताको समाज निर्माणको माध्यमको रूपमा लिएको पाउन सकिन्छ । कौटिल्यले कर संकलन र व्यापारमा जोड दिन्छन्, तर मार्क्सले श्रमिकको शोषणलाई अन्य गर्ने कुरामा जोड दिएको पाइन्छ ।

***समाज र वर्ग संरचना***

चाणक्यले वर्ण व्यवस्थालाई स्वाभाविक मान्दै, समाजलाई वर्गीकृत प्रणालीमा व्यवस्थित गर्ने नीति अपनाएको पाइन्छ भने मार्क्सले समाजलाई शोषक (बुर्जुवा) र शोषित (प्रोलेटेरियन) वर्गमा विभाजन गरेर व्याख्या गरेको पाइन्छ । उनले वर्गसंघर्ष मार्फत् समानतामूलक समाजको परिकल्पना गरेका छन् । चाणक्यको सिद्धान्तले तत्कालीन समाज संरचनालाई यथावत् स्वीकारेको देखिन्छ । जबकि मार्क्सको सिद्धान्त त्यसलाई क्रान्तिकारी रूपले परिवर्तन गर्नुपर्ने कुरा उल्लेख गरेको पाइन्छ । कौटिल्यको वर्ग संरचना वर्ण व्यवस्थामा आधारित छ भने मार्क्सको वर्ग संरचना आर्थिक सम्बन्धमा आधारित रहेको पाइन्छ ।

***नैतिकता र धर्म***

चाणक्यले धर्मलाई राज्य सञ्चलनका लागि उपयोगी मान्छन् । धार्मिक मान्यताहरूलाई जनसाधारणलाई शासनमा सहयोग गर्न प्रयोग गर्ने कुरा उनी बताउँछन् । मार्क्सले धर्मलाई "जनताको अफिम" भनी आलोचना गरेका छन् । धर्मलाई उनले पूँजीवादी समाजले श्रमिक वर्गलाई शोषण गर्न बनाएको माध्यम मानेका छन् । चाणक्यले धर्मलाई शासन सुदृढीकरणको उपकरणको रूपमा प्रयोग गर्छन्, जबकि मार्क्सले धर्मलाई शोषणको औजारको रूपमा उल्लेख गरेका छन् । चाणक्यको दृष्टिकोण व्यावहारिक रहेको पाईन्छ भने मार्क्सको दृष्टिकोण क्रान्तिकारी रहेको पाउन सकिन्छ (कौटिल्य, २०७३, शिवाकोटी, २०७१ पृ. ७६-९९) । चाणक्य र मार्क्सका सिद्धान्तहरू फरक काल, भौगोलिक सन्दर्भ र उद्देश्यका दृष्टिकोणहरू हुन् । चाणक्यको सिद्धान्त शक्ति र स्थिरतामा आधारित रहेको पाइन्छ, जुन तत्कालीन समाजको संरचना सुदृढ गर्न केन्द्रित रहेको पाइन्छ । मार्क्सको सिद्धान्त वर्ग संघर्षमा आधारित पाइन्छ, जसले असमानता हटाई समानताको समाज स्थापना गर्न खोजेको छ । दुवै सिद्धान्तहरूले आफ्ना सन्दर्भमा महत्वपूर्ण योगदान दिएका छन् । चाणक्यको व्यावहारिक दृष्टिकोण र मार्क्सको क्रान्तिकारी दृष्टिकोणले राजनीतिशास्त्रलाई विभिन्न आयाममा समृद्ध बनाएको पाइन्छ ।

## सीमाहरू र आलोचनाहरू

**चाणक्यको सिद्धान्तको सीमाहरू र आलोचनाहरू**

चाणक्यको सप्ताङ्ग सिद्धान्तको महत्वपूर्ण व्यावहारिकता र योगदानका बावजुद, यसले केही सीमाहरू र आलोचनाहरूको सामना गर्नुपरेको देखिन्छ ।

***वर्ण व्यवस्थाको स्वीकार्यता***

चाणक्यले तत्कालीन समाजमा प्रचलित वर्ण व्यवस्थालाई स्वीकार गरेका थिए । यसले समाजमा असमानता र शोषणलाई संस्थागत गरेको भन्ने आलोचना गरिन्छ । आधुनिक दृष्टिकोणले यो सिद्धान्तलाई समावेशी र न्यायपूर्ण मान्दैन ।

*शक्ति केन्द्रित दृष्टिकोण*

चाणक्यको सिद्धान्तमा शक्ति सुदृढीकरणलाई प्राथमिकता दिइएको छ । नैतिकता र मानवीय मूल्यमाथि राज्यको स्थिरता र सुरक्षा प्रमुख मानिएको हुँदा यसलाई अत्यधिक व्यावहारिक र नीतिविहीन मानिन्छ ।

*राज्य केन्द्रितता*

सप्ताङ्ग सिद्धान्तमा राज्यलाई सर्वेसर्वा मानेर व्यक्तिगत स्वतन्त्रतालाई गौण मानिएको छ । यसले राज्यमा निहित शक्तिको सम्भावित दुरुपयोगको खतरालाई नजरअन्दाज गरेको देखिन्छ ।

*धर्मको उपयोगिता*

चाणक्यले धर्मलाई राज्य सञ्चलनको साधनको रूपमा हेरेका छन् । यसको कारणले धर्मलाई सामाजिक नियन्त्रणको औजारका रूपमा प्रयोग गरिएको भन्ने आलोचना हुनेगरेको छ ।

*सामाजिक रूपान्तरणको अभाव*

चाणक्यको सिद्धान्तले तत्कालीन समाजको संरचना जस्ताको तस्तै स्वीकार गरेको छ । वर्ण व्यवस्था र सामाजिक असमानताप्रति मौनता देखाउँदा यसको परिवर्तनकारी शक्ति कमजोर देखिन्छ (कौटिल्य, पृ. २०७३) ।

**मार्क्सवादको सीमाहरू र आलोचनाहरू**

मार्क्सवादले सामाजिक न्याय र समानताको लागि क्रान्तिकारी विचार प्रदान गरे पनि, यसले पनि केही सीमाहरू र आलोचनाहरूको सामना गर्नुपर्छ ।

*आर्थिक निर्धारणवाद*

मार्क्सवादलाई आलोचकहरूले "अत्यधिक आर्थिक केन्द्रित" मान्छन् । यसले समाजका अन्य पक्षहरू (जस्तै संस्कृति, राजनीति, र धर्म) लाई गौण मानेर उत्पादन सम्बन्धलाई मात्र केन्द्रबिन्दु बनाउँछ ।

*व्यवहारिक जटिलता*

साम्यवादको कार्यान्वयन गर्ने प्रक्रियामा व्यवहारिक समस्याहरू देखा परेका छन् । सोभियत संघ र अन्य साम्यवादी राज्यहरूको पतनले यसको व्यवहारिकताप्रति शंका उत्पन्न गराएको आलोचकहरू बताउँछन् ।

*वर्गीय संघर्षको एकपक्षीयता*

मार्क्सवादले समाजलाई केवल दुई वर्गमा विभाजित गरेर व्याख्या गरेको छ । तर आधुनिक समाज धेरै तह र आयामयुक्त छ, जसलाई मार्क्सवादले पूर्ण रूपमा सम्बोधन गर्न सकेको छैन ।

*राज्यको पूर्ण उन्मूलनको जटिलता*

मार्क्सले राज्यलाई अस्थायी संरचना मानेर यसको अन्त्यको वकालत गरेका छन् । तर व्यवहारिक रूपमा, राज्यविहीन समाजको अवधारणा कार्यान्वयन गर्न चुनौतीपूर्ण रहेको आलोचकहरूको भनाइ छ ।

*धर्मको आलोचना*

मार्क्सले धर्मलाई "जनताको अफिम" भनेका कारण यसलाई धर्म र आस्थाप्रति असंवेदनशील मानिन्छ । धर्मले सामाजिक ऐक्यतालाई मजबुत बनाउन सक्छ भन्ने पक्षलाई मार्क्सले पर्याप्त महत्व नदिएको आलोचना गरिएको छ (शिवाकोटी २०७४ पृ. २५६) ।

**तुलनात्मक सीमाहरू र आलोचनाहरू**

चाणक्यको सिद्धान्तले समाजको विद्यमान संरचनालाई यथावत् स्वीकार गरेको छ जबकि मार्क्सवादले क्रान्तिकारी रूपान्तरणको परिकल्पना गरे पनि यसको व्यवहारिकता कमजोर छ । चाणक्यको सिद्धान्तमा नैतिकतालाई गौण मानिएको छ भने मार्क्सवादमा समानताको आदर्श भए पनि यसको कार्यान्वयनमा नैतिक द्वन्द्व देखा परेको छ । चाणक्यको सिद्धान्त वर्ण व्यवस्थामा आधारित भएकाले समावेशी छैन, जबकि मार्क्सवादले वर्गहीन समाजको परिकल्पना गरे पनि अन्य सामाजिक आयामलाई पर्याप्त रूपमा सम्बोधन गर्दैन ।

## निष्कर्ष

यस शोधलेखले चाणक्य र मार्क्सका राजनीतिक सिद्धान्तहरूको तुलनात्मक अध्ययन गरी तिनीहरूको सैद्धान्तिक र व्यावहारिक पक्षहरूको महत्व स्पष्ट गरेको छ । चाणक्यको "अर्थशास्त्र" मुख्यतः शासन व्यवस्थाको स्थिरता, कूटनीति र आर्थिक प्रबन्धमा केन्द्रित छ, जसले प्राचीन भारतको राजनीतिक र प्रशासनिक, संरचनालाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेलेको थियो । अर्कोतर्फ, मार्क्सको "दास क्यापिटल" वर्ग संघर्ष, पूँजीवादको

शोषण र सामाजिक समानतामाथि आधारित छ, जसले औद्योगिक क्रान्तिपछिको समाजलाई नयाँ विचारधाराको दिशामा प्रेरित गर्यो । दुवै सिद्धान्तको मूल लक्ष्य समाजको भलाई भए पनि तिनीहरूको दृष्टिकोण, समय र सामाजिक संरचना फरक थिए । चाणक्यले व्यवहारिकता र शक्तिको सन्तुलनमा जोड दिएका छन् भने मार्क्सले क्रान्ति र वर्गविहीन समाजको परिकल्पना गरेका छन् । वर्तमान समयमा यी सिद्धान्तहरू शासन प्रणाली सुधार, सामाजिक न्याय र आर्थिक समानताका क्षेत्रमा महत्वपूर्ण छन् । पूर्वीय र पश्चिमी राजनीतिक दर्शनबीच विविधता भए पनि तिनीहरू समकालीन समाजका लागि प्रासंगिक छन् भन्ने कुरा यो तुलनात्मक अध्ययनले देखाएको छ । यी सिद्धान्तहरूलाई व्यवहारिक रूपमा पुनः व्याख्या गरेर आधुनिक समस्याहरूको समाधान गर्न सकिन्छ । वर्तमान राजनीतिक प्रणाली र सामाजिक व्यवस्थामा यी सिद्धान्तहरूको सान्दर्भिकता महत्वपूर्ण छन् भने अहिलेको समयमा समेत चाणक्य र मार्क्सको विचारधाराहरू त्यतिकै व्यवहारिक र अर्थपूर्ण देखिन्छन् ।

## सन्दर्भसूची

केसी, सुरेन्द्र (२०७९), *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास* (पहिलो भाग), विद्यार्थी पुस्तक भण्डार ।
कौटिल्य, आचार्य (२०७३), *कौटिलीय अर्थशास्त्र,* ने. अ. लुइटेल तिलक प्रसानद,  विद्यार्थी पुस्तक भण्डार ।
खरेल, दुर्गानाथ (२०६४), *मार्क्सवादी सिद्धान्तको परिचय* (भाग-१), प्रकाशक लेखक आफै ।
चाणक्य, आचार्य (२०७७), *चाणक्य नीति-सूत्र,* ने. अ. भट्टराई, तुलसी, मधुवन प्रकाशन ।
भण्डारी, बुद्धिप्रसाद (२०७१), *राजनीतिक विचारधारा र वादहरु,* पैरवी प्रकाशन ।
मार्क्स कार्ल, एङ्गेल्स (इ.सं. १९८६), *कम्युनिष्ट पार्टीको घोषणापत्र,* ने अ (वि. सं. २०६४), प्रगति पुस्तक सदन ।
शिवाकोटी, गोपाल (२०७१), *मार्क्सवादी राजनीतिशास्त्र,* पैरवी प्रकाशन ।
शिवाकोटी, गोपाल (२०७४), *राजनीतिक विचारधारा र विश्लेषण,* पैरवी प्रकाशन ।
शिवाकोटी, गोपाल (२०७०), *राजनीतिक शब्दकोश,* पैरवी प्रकाशन ।
स्तेपानोभा, एभगेनिया, *कार्ल मार्क्सको जीवनी.* ने अ मास्के, राजेन्द्र (२०५७), प्रगति पुस्तक सदन ।